# रामगोपालपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रामगोपालपुर, महोत्तरी नेपाल

मधेश प्रदेश, नेपाल

प.सं. : २०७९।०८०
च.नं. :

## प्रथम पटक प्रकाशित सूचना

### मिति २०७९।४।५ गते

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम यस नगरपालिकाको स्वामित्व र संरक्षणमा रहेको निम्न बमोजिम पोखरी ठेक्का आ.व. २०७९।०८० देखि ३ वर्षका लागी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले उक्त ठेक्का लिन ईच्छुक व्यक्ति, फर्म, संघ संस्थाले निम्न शर्त बन्देजको अधिनमा रही रितपुर्वक शिलवन्दी वोलपत्र आव्हान गरिएको छ । यो सूचना पहिलो पटक प्रकाशित भएको मिति २०७९।४।५ गते देखि २०७९।४।१९ गते कार्यालय समय भित्र रु.१०००।- (फिर्ता नहुने) गरी वोलपत्र फाराम खरिद गर्न सकिनेछ । खरिद गरिएको वोलपत्र फारामहरु फाराम सक्कलै २०७९।४।२० गते दिनको ०२:०० बजे रितपुर्वक खोलिनेछ ।

**निम्न बमोजिम पोखरी**

| सि.नं. | पोखरीको नाम | न्यूनतम रकम | अक्षरेपी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सौतिनिया पोखरी | ६५,००,०००।- | पैसठ्ठी लाख मात्र । | |
| २ | लिदियाही पोखरी | २२,००,०००।- | बाईस लाख मात्र । | |

**शर्त तथा बन्देजहरु :**

(१) आ.व.२०७९।०८० देखि ३ वर्षका लागी पोखरी ठेक्काको न्यूनतम रकम कायम गरिएको छ । न्यूनतम रकम भन्दा माथि सवै भन्दा बढी कवोल गर्ने सारभुत रुपमा प्रभावग्राही वोलपत्र दातालाई नियमानुसार तीन वर्षका लागी ठेक्का दिई चलन गर्न दिईनेछ ।

(२) नगरपालिकालाई तिर्न वक्यौता रहेको, पेश्की तथा वेरुजु रहेको नगरपालिकाले कालो सूचिमा राखी सेवा रोक्का राखेको व्यक्ति, फर्म, संघ संस्था वा निजको एकाघरको परिवार सदस्यहरुले ठेक्का लिन पाउने छैन ।

(३) प्राप्त वोलपत्रहरु मिति २०७९।४।२० गते अपरान्ह २:०० बजे कार्यालयको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समय वोलपत्र दाता अथवा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थिती हुनुपर्ने छ । उपस्थिती नभए पनि वोलपत्र खोल्न वाधा परेको मानिने छैन ।

(४) वोलपत्र दिने व्यक्ति नेपाली नागरिकले वोल रकमको ५% हुने धरौटी रकम यस न.पा. कार्यालयको सिद्धार्थ वैंक रामगोपालपुरमा रहेको धरौटी खाता नं. ग-४-१-०२३१५१२१९९९ मा जम्मा गरी सोको सक्कलै भौचर वोलपत्र साथ दाखिला गर्नुपर्ने छ ।

(५) वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशीक स्वीकृत गर्ने सर्वाधिकार न.पा.का.मा सुरक्षित रहने छ ।

(६) सदर हुने वोलपत्र दाताले ठेक्का अंकको दामासाहीले धरौटी वाहेकको ३ वर्षलाई कवोल गरेको रकम अर्धवार्षिक दामासाहीले हुने रकम मध्ये पहिलो किस्ता अग्रिम रुपमा वुझाउनुपर्नेछ । वांकी रकम प्रत्येक श्रावण र माघ मसान्त भित्र न.पा.मा अग्रिम रुपमा वुझाउनुपर्ने छ । तोकिएको समय किस्ता रकम चुक्ता नगरिएमा प्रति दिन ३००।- (तिन सय मात्र) का दरले विलम्व शुल्क लाग्ने छ । विलम्व शुल्क सहित थप ३० दिनको ठेक्का चुक्ता गर्ने अवधी रहने छ । सो अवधी सम्म ठेक्का रकम चुक्ता नगरेमा ठेकेदार र नगरपालिका विच भएको सम्झौता स्वत: भंग भएको मानी सरकारी वांकी सरह वक्यौता रकम असुल उपर तर्फ नियमानुसार कारवाही अगाडी वढाउने छ । सम्झौता गर्दा दाखिला गरेर वांकी रहेको हकमा ठेक्का बांकी अवधीको म्याद भएको फरफरमेन्स वण्ड वैंक ग्यारेन्टी वा नगर क्षेत्र भित्रको धन तथा जेथा जमानी दिनुपर्ने छ ।

(७) ठेकेदारले राखिएको वैंक ग्यारेन्टी रकम नगरपालिकाले जुनसुकै वखत मांग गरी वक्यौता रकम असुल उपर गर्न सक्नेछ ।

प्रमुख प्रशासकिय अधिकृत

(८) ठेक्का चलनको सम्बन्धमा अदालत, नगरपालिका, स्थानीय प्रशासन, नेपाल सरकारले दिएको आदेश निर्देशन विनाशर्त पालना गर्नुपर्नेछ । सो पालना गर्दा कुनै क्षती हानि नोक्सानी भयो भने नगरपालिका समक्ष मांग दावी ठेकेदारले गर्न पाउने छैन ।

(९) ठेक्का चलन गर्दा प्रचलित नेपाल कानुन (संघिय, प्रदेश तथा स्थानीय सरकार) वमोजिम गर्न गराउनुपर्नेछ । सो अनुसार नगरेमा ठेकेदार नै स्वत: जिम्मेवार हुनेछ ।

(१०) ठेक्का चलनमा कुनै गलत वा कुनै अवैधानिक प्रकृया अपनाईएको पाईएकोमा वढीमा तिन पटक सम्म न.पा.ले सचेत गराए तर पनि अटेर गरेमा न.पा.ले ठेक्का तोडी नियमानुसार कारवाहीका लागी प्रकृया अगाडी बढाईनेछ ।

(११) नेपाल सरकारलाई बुझाउनुपर्ने रकम कर, शुल्क, दस्तुर ठेकेदारले बुझाउनुपर्नेछ ।

(१२) कुनै किसिमको हडताल, बन्द, चक्काजाम वा बाढी पहिरो आदी भएका दिनको क्षती विवरण खुलाई रकम मिन्हा मांग्ने पाईने छैन ।

(१३) स्वीकृत बोल रकम एकमुष्ठ जम्मा गरेमा कवोल अंकको १०% छुट दिनेछ ।

(१४) पोखरीको माछा झिक्दा विषादीको प्रयोग गर्न पाउने छैन, उक्त पोखरी सफा सुधर राख्नुपर्ने छ, पोखरी नुहाउन र पानी लिन प्रचलित संस्कार मनाउन मनाही गर्न पाउने छैन ।

(१५) पोखरी हाल जुन अवस्थामा छ सोही अवस्थामा ठेक्का संचालन गर्नुपर्नेछ र पछि वाढी वर्षा वा अन्य कुनै प्रकारले पोखरी डील भत्केमा वा टुटेमा ठेकेदारले स्वयंम मर्मत गरी माछा पालन गर्नुपर्ने छ । सो लाग्ने खर्च न.पा.ले व्यहोर्ने छैन । पोखरीको सुन्दरतामा अधिवृद्धि गरी सफा सुधर राख्नुपर्नेछ ।

(१६) ठेक्का चलन गर्दा विवाद परेमा त्यसको समाधान ठेकेदारले गर्नुपर्नेछ ।

(१७) वर्तमान अवस्थामा पोखरीमा भएको माछामा कुनै किसिमको दावी गर्न पाईने छैन ।

(१८) ठेकेदार र नगरपालिका कार्यालय विच विवाद उत्पन्न भएमा रामगोपालपुर नगरपालिकाले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्यय हुनेछ ।

(१९) कुनै पनि वहना वा कारण देखाई ठेक्का रकम मिनहा छुट ठेकेदारले दावी वा मांग गर्न पाउने छैन ।

(२०) सूचनामा उल्लेख भएका कुराहरु यसै वमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन वमोजिम हुनेछ ।

(२१) वोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनीक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खोलेको दिन सोही समयमा हुनेछ ।

..................

बिनोद कुमार मण्डल

प्रमुख प्रशासकिय अधिकृत